# संचालकीय विचार

**राष्ट्रिय सहकारी विकास बोर्ड देहायका विचारबाट निर्देशित छ ।**

**क-परिकल्पना: जनजीवनमा सहकारिता**

अर्थात,

- समुदायस्तरमा सहकारी संस्था स्थापित हुनेछन ।
- आम कृषक, कालिगढ, श्रमिक, न्यून आय समुह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ताको जीवनस्तर सहकारी गतिविधीका प्रभावले गरिवीको रेखाभन्दा माथि पुगेको हुनेछ ।

**ख-ध्येय: समृद्धिका लागि सहकारी क्षेत्रको प्रवर्द्धन र विकास ।**

अर्थात,

- सहकारी संस्थाहरु सहकारी सिद्धान्त, मूल्य, मान्यता अनुसार चल्नु पर्दछ ।
- सहकारीताले विपन्न, पिछिडिएका, सिमान्तकृत र कमजोरहरुको सशक्तिकरण र मूल प्रवाहीकरण गर्नु पर्दछ ।
- छरिएर रहेको पूँजी, प्रविधी तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नयन गर्न सघाउ पुऱ्याउनु पर्दछ ।

**ग-मूल्यहरु: बोर्डले मूल्यहरुको पवर्द्धन गर्नेछ ।**

- इमान्दारिता
- उद्यमशिलता
- पारस्परिकता
- सामाजिक उत्तरदायित्व
- लोकतन्त्र